चुमनुब्री गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिर्दिबास, गोरखा
गण्डकी प्रदेश, नेपाल

आज मिति २०८१ / ०५ / २५ गतेका दिन यस चुमनुब्री गाउँपालिकाका अध्यक्ष श्री निमा लामाज्यु, को अध्यक्षतामा गाँउकार्यपालिकाको बैठक वसि तपशिल बमोजिमका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

उपस्थितिः

| क्र.स | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | निमा लामा | अध्यक्ष | |
| २ | लक्ष्मी गुरुङ | उपाध्यक्ष | |
| ३ | कर्मा छेवाङ लामा | वडा अध्यक्ष | |
| ४ | मिङग्युर दोर्जे लामा | वडा अध्यक्ष | |
| ५ | राम कुमार गुरुङ | वडा अध्यक्ष | |
| ६ | पेमा ग्यलपो लामा | वडा अध्यक्ष | |
| ७ | कालेन छेवाङ लामा | वडा अध्यक्ष | |
| ८ | सरोज लामा | वडा अध्यक्ष | |
| ९ | टसी दोर्जे लामा | वडा अध्यक्ष | |
| १० | कुन्छोक डोल्मा लामा | कार्यपालिका सदस्य | |
| ११ | रुवेश घले | कार्यपालिका सदस्य | |
| १२ | गणेश विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १३ | छिरिङ भुटी लामा | कार्यपालिका सदस्य | |
| १४ | ढोल्मा लामा | कार्यपालिका सदस्य | |
| १५ | सुनाम साङमो | कार्यपालिका सदस्य | |
| १५ | मनोज लामिछाने | सदस्य-सचिव | |

अन्य उपस्थितिः

| क्र.स | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | गिरिजा प्रसाद रिजाल | लेखा प्रमुख | |
| २ | सन्दिप रेग्मी | सुचना प्रविधि शाखा प्रमुख | |

कार्यपालिका बैठक मिति : २०८१।०५।२५ गते।

कार्यपालिका बैठकको एजेण्डा अध्यक्षबाट स्वीकृत मिति : २०८१।०५।२३ गते।

मिति २०८१।०५।२५ गतेको कार्यपालिका बैठकका प्रस्तावहरू

१. आयोजना माग सम्बन्धमा।

२. सरूवा सहमति सम्बन्धमा।

३. प्रारम्भिक वाल विकास केन्द्रलाई मसलन्द खर्च दिने सम्बन्धमा।

४. बुद्ध आ वि लारमा आवसिय कोटा व्यवस्थापन सम्बन्धमा।

निर्णयहरू

१. प्रस्ताव नं १ उपर छलफल गर्दा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको विकास सहायता समन्वय शाखाको च नं ६८ मिति २०८१।०५।२० गतेको Mou on Projects Aid to Nepal अन्तर्गत स्थानीय तहहरूले आयोजना प्रस्ताव पेश गर्ने सम्बन्धी पत्रानुसार पर्यटन पूर्वाधार विकास अन्तर्गत पदयात्रा निर्माणका लागि दुधपोखरी फुटट्रेल निर्माण योजना छनौट गरी माग गर्ने निर्णय गरियो।

२. प्रस्ताव नं २ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा स्थानीय प्रशासन सेवा वरिष्ठ सहायक पाँचौ तहमा कार्यरत अमृत पोखरेललाई निजको शारिरिक अपांगताको कारणले हिँडडुल गर्न समस्या रहेको भनी निजले दिएको निवेदन तथा पोखरा महानगरपालिकाले दिएको सरूवा सहमतिको आधारमा समान तह र पदमा सरूवा भई जानका लागि सरूवा सहमति प्रदान गर्ने निर्णय गरियो।

३. प्रस्ताव नं ३ उपर छलफल गर्दा सामुदायिक विद्यालय भन्दा बाहिर रहेका प्रत्येक प्रारम्भिक वाल विकास केन्द्रलाई मसलन्द सामाग्री तथा शैक्षिक सामाग्री खरिद तथा व्यवस्थापनका लागि वार्षिक १० हजार रूपैयाँ गाउँपालिका भैपरी चालु शिर्षकबाट अनुदान दिने निर्णय गरियो।

४. प्रस्ताव नं ४ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिका वडा नं ७ मा रहेको बुद्ध आ वि लारमा हिमाली आवासिय छात्रावासको २५ जना कोटा रहेकोमा हाल उक्त विद्यालयमा विद्यार्थी संख्या अत्यन्तै न्युन रहेको र छात्रावासमा कोही विद्यार्थी नबस्ने भनी जानकारी प्राप्त हुन आएकोमा सो सम्बन्धमा सत्यतथ्य छानाविन गरी २०८१ कात्तिक मसान्त भित्र प्रतिवेदन पेश गर्न चुमनुब्री गाउँपालिका गाउँ शिक्षा समितिलाई कार्यादिश सहित निर्देशन दिने निर्णय गरियो।

निमा लामा
अध्यक्ष